नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक) कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अंक २३ ● ने.सं. ११४० चौलागा १३ (त्रयोदशि) ● वि.सं. २०७७ बैशाख ८ गते, सोमबार ● 2020 April 20 Monday ● पृष्ठ ८
अनलाइन संस्करण

## कीर्तिपुर नगरपालिकाको नियमित पत्रकार भेटघाट

# सत्यतथ्य बुझेर मात्र समाचार सम्प्रेषण गर्न अनुरोध



कीर्तिपुर नगरपालिकाले नियमित रुपमा गर्दै आइरहेको पत्रकार भेटघाट कार्यक्रम बैशाख ३ गते मंगलबार नगरपालिकाको नयाँ भवनमा गरेको थियो। नेपाल सरकारले लकडाउन गरेएता पहिलो पटक भएको उक्त पत्रकार भेटघाट कार्यक्रममा स्थानीय पत्रकारहरू सम्मिलित हुनुभएको थियो।

कीर्तिपुर नगरपालिकाका उप-प्रमुख तथा प्रवक्ता सरस्वती खड्काले स्वागत गर्नुहुँदै सञ्चालन भएको कार्यक्रममा पत्रकारहरूको जिज्ञासाको सम्बोधन गर्नु भएको थियो । कीर्तिपुरमा जाजरकोटबाट आएका गर्भवती महिलासहितको परिवारको बारेमा सामाजिक सञ्जाल लगायत सञ्चार माध्यममा आइरहेको बारे प्रष्ट पार्नुहुँदै उप-प्रमुख खड्काले नेपाल सरकारले निषेध गरेको समयमा वहाँहरू नगरपालिकामा समन्वय नै नगरी आएको र स्थानीयहरू त्रसित भएकोले नगरपालिकाले बनाएको क्वारेन्टाइनमा वहाँहरूलाई बस्ने व्यवस्था मिलाइएको बताउनु भयो। साथै सञ्चार माध्यमहरूले सत्यतथ्य बुझेर मात्र समाचार सम्प्रेषण गर्न समेत अनुरोध गर्नुभयो।

नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई पूरै पालना गर्न अनुरोध गर्नुहुँदै उप-प्रमुख खड्काले नगरभित्र बस्ने जो कोही पनि यस समयमा भोकै नपरोस् भनी पहिलो चरणमा राहत बाँडिसकेको र दोश्रो चरणको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने कार्य भैरहेको जानकारी गर्नुहुँदै नगरपालिकाले स्थापना गरेको आकस्मिक कोषमा सहयोग गर्न अनुरोध गर्नुका साथै सहयोग गर्नेहरूलाई हार्दिक धन्यवाद् समेत दिनुभयो। पत्रकार सम्मेलनमा कीर्तिपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख सन्तमान मानन्धरले नगरपालिकाले त्रिविमा बनाएको क्वारेन्टाइनको बारेमा जानकारी गराउँनुहुँदै त्यहाँ आठ जना रहेकोमा ४ जनामा कोरोना भाइरसको कुनै लक्षण नदेखिएकोले घर पठाइसकेको र जाजरकोटबाट आएका ४ जना मात्र सुरक्षितका साथ बसिरहेको जानकारी गराउनुभयो।

स्वास्थ्य शाखाले यही चैत्र ३० गतेसम्म विदेशबाट आएकाहरू ५२ जनालाई स्वास्थ्य परीक्षण गर्न घरघरमै स्वास्थ्यकर्मी पठाइएको जानकारी दिनुहुँदै शाखा प्रमुख मानन्धरले अरु कोही विदेशबाट फर्किएका छन् भने सोको जानकारी दिन समेत अनुरोध गर्नुभयो।

कीर्तिपुर नगरपालिकाले प्रत्येक महिना नगरपालिकाको काम कारबाहीहरू पारदर्शीढंगले गरिरहेको र पारदर्शी नै होस् भनी यस पत्रकार भेटघाट कार्यक्रम गर्दै आइरहेको हो । पत्रकार सम्मेलनमा कीर्तिपुर नगरपालिका वडा नं. १ का अध्यक्ष हर्ष महर्जन र वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जनको समेत उपस्थिति रहेको थियो।

## सम्पादकीय

# धमिलो पानीमा माछा मार्ने प्रयास

विश्व कोभिड-१९ को महामारीबाट आक्रान्त छ। यसको सङ्क्रमण नियन्त्रण र रोगथामको लागि भगिरथप्रयत्नमा विश्व एकताबद्ध भै लागि परिरहेको छ। यसै क्रममा नेपाल सरकारको नीति र निर्देशन अनुसार कीर्तिपुर नगरपालिका पनि आफ्नो कार्यक्षेत्र भित्र कोही कोभिड-१९ को सङ्क्रमणका कारण मर्नु नपरोस् र सोही महामारीका कारण नेपाल सरकारले लागु गरेको लकडाउनका कारण भोकै मर्नु पर्ने अवस्था आइनपरोस् भनी आफ्नो सम्पूर्ण सामर्थ्यका साथ लागि परेको छ। यस्तो यथार्थ रहे तापनि केही मानिसहरू आफ्नो पेशागत धर्म भुलेर निहित स्वार्थबाट अभिप्रेरित भएर भ्रुटको खेति गर्ने र सस्तो लोकप्रियता कमाउने दिवास्वप्न देख्न थालेको प्रतीत हुन्छ।

केही दिन अगाडि बाहिरबाट लकडाउनको समयमा पनि प्रशासनको आँखा छलेर कीर्तिपुरमा आई बसोबास गरिरहेका शङ्कास्पद व्यक्तिहरूलाई निज व्यक्तिहरू तथा स्वयं समाजको सुरक्षार्थ सुरक्षित रुपमा क्वारेन्टाइनमा राख्दा होस् वा चाहे विश्वविद्यालय क्याम्पस त्रि.वि.कीर्तिपुरमा अध्ययनरत वा कीर्तिपुरमा बसोबास गरी काठमाडौं उपत्यकाका अन्यत्रका क्याम्पस तथा विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई राहत वितरणको कुरा होस्, केही सञ्चार माध्यमहरूले अत्यन्त पूर्वाग्रही भएर नितान्त गलत र भ्रम पूर्ण समाचार प्रचार प्रसार समेत गरेको पाइएको छ।

यस्तो सङ्कटको समयमा पनि सत्य तथ्य समाचार सम्प्रेषण नगरी भ्रामक, कपोलकल्पित समाचार प्रकाशित गरेर आत्मतुष्टि प्राप्त गर्ने त्यस्तो दुस्प्रयासको जति निन्दा र भर्त्सना गरे पनि कम नै हुन्छ। नगर सन्देश परिवार सम्पूर्ण सञ्चारकर्मी तथा सञ्चार गृहहरूलाई सत्य तथ्य बुझेर यथार्थ समाचार मात्र प्रकाशित गर्नु हुन र जनमानसमा गलत समाचार सम्प्रेषण नगर्न र पित पत्रकारिता परित्याग गरी सञ्चारकर्मीको धर्म निर्बाह गर्न त्यस्ता सञ्चारकर्मी र सञ्चार गृहहरूलाई हार्दिक अनुरोध गर्दछ।

# कोभिड–१९ को बेला मनमा आउने तनावको व्यवस्थापन

**डा. सुरज शाक्य**

हाल विश्व कोरोना भाइरस महामारीको रुपमा फैलिरहेको छ। यस प्रकोपले तनावको परिस्थितिमा मन दुखी हुने, चिन्तित हुने, अलमलमा पर्ने, आत्तिने वा चिड्चिड् हुने कुरा हामीहरू धेरैलाई हुँदो रहेछ। यसलाई असामान्य परिस्थितिमा हुने सामान्य प्रतिक्रियाको रुपमा लिनु पर्ने हुन्छ। यस्तो तनावलाई मानिसहरूले कसरी सम्हालिरहेका छन् वा कसरी सम्हाल्न सकिन्छ भनेर विश्व स्वास्थ्य संगठन लगायत विभिन्न श्रोतबाट पनि साभार गरेर केही बुँदाहरू तल दिइएका छन्।

१. यस्तो बेला आफ्नो विश्वासिलो आफन्त, साथीभाइ वा अन्य हितैसीसँग कुरा गर्दा फाइदा हुँदो रहेछ। तर यो अवस्थामा साथीभाइसँग भेट्न सुरक्षित वा सम्भव नहुने भएकोले फोनमा वा अनलाईन कुरा गर्नुहोस्। आफ्नो मनको कुरा साटासाट गर्नुहोस्। उहाँहरूले आफ्नो दुःख चिन्ता पोख्दा राम्ररी सुनिदिनुहोस्। सुनिमात्र दिएपनि मन हलुका हुँदो रहेछ। तर एक अर्कालाई त्रास बढाउने हल्लामा मात्र भुल्नु भएन।

२. यो समयमा हाम्रो दिनचर्या अरु दिनहरूभन्दा फरक हुने भएकोले आफूलाई व्यस्त राख्ने योजना बनाउनु होस् र त्यसै अनुरुप काम गर्नुहोस्। यो दिनलाई कसरी सदुपयोग गर्ने भनेर अगाडि बढ्दा सजिलो हुँदो रहेछ। दिन सुरु गर्दा नै मैले आज यी कामहरू गर्छु भनेर योजना बनाउनुहोस्। त्यसमा यी कुराहरूपनि राख्नुहोस्, जस्तै : आफूलाई स्वस्थ राख्ने क्रियाकलाप, समयमा खाने सुत्ने कुरा, व्यायाम, आफन्तसँग समय,रमाइलो हुने वा मन बहलिने कुरा, घरमै वा एकै ठाउँमा बसेर गर्न सक्ने काम कुरा।

३. यो अवस्था भनेको सतर्क रहने तर आतङ्कित नहुने समय हो। त्यसैले अहिलेको अवस्था के छ, सरकारले जारी गरेको सूचना के हो, र अन्य तथ्यगत कुराहरूको बारेमा कुनै एक भरपर्दो आफन्त वा कुनै एक संचार माध्यम वा सरकारी श्रोतलाई मात्र आफ्नो सूचनाको लागि प्रयोग गर्नुहोस्। सही सूचना र जानकारीले हामीलाई समस्यासँग जुध्न सहयोग गर्छ।

४. सामाजिक सञ्जाल वा अन्य सञ्चारमाध्यममा दिनभरी समय बिताउने र नकारात्मक समाचारमात्र खोजीखोजी पढ्ने सुन्ने बानी हामीहरू धेरैमा हुँदोरहेछ। साथै हामी अरुलाई पनि त्यही डर फैलाउने गरेका हुन्छौं। यस्तो क्रियाकलापले हामीलाई सजग रहन भन्दा पनि आतङ्कित गराउन मात्र सहयोग गर्दोरहेछ। त्यसैले यस्लाई कम गरौं। बरु निश्चित समयमा निश्चित ठाउँबाटमात्र सूचना समाचार सुन्ने पढ्ने बानी बसालौं। बिग्रेको भत्केको मात्र होइन, सप्रेको राम्रो भएको आश पलाउने समाचार पनि खोज्ने बानी गरौं। कुनै हल्ला सुन्दा आफूले आफूलाई यी प्रश्नहरू गर्ने बानी गरौ। के यो भरपर्दो श्रोतबाट सुनेको हो? यो कुराको यथार्थ कसरी थाहापाउने? कुनै भरपर्दो व्यक्ति छ जसलाई फेरि सोध्न सकिन्छ ?

५. पहिले पनि मनमा गाह्रो हुँदा हामीले आफ्नो मनलाई सम्हाल्थ्यौं। ती कुरा याद गरौं र त्यसलाई फेरि पनि सदुपयोग गरौं। जस्तो कि, व्यायाम, योग, ध्यान, प्रार्थना, संगीत सुनेर, फिल्म हेरेर, पढेर, आफ्नो बालबालिकासँग समय बिताएर आदि।

६. हामीले चाहेर वा नचाहेर मनमा आउने हाम्रा सोचाइ विचारहरूले हाम्रो मनमा डर रीस जस्ता भावनाहरुलाई बढाउने वा घटाउने गर्दो रहेछ। त्यसैले जब तपाईंको मनमा गाह्रो हुन्छ आफैलाई यी प्रश्नहरु गर्नुहोस्। म के सोच्दैछु ? म मनमनै के कुरा गर्दैछु ? यो सोचाई कत्तिको साँचो हो ? यो सोचाइ कत्तिको आवश्यक वा काम लाग्ने कुरा हो ? मैले यो कुरालाई कसरी लिंदा मलाई सजिलो हुन्छ ? समस्या समाधान गर्नुपर्ने हो भने कसरी समस्या समाधान गर्ने त ?

७. कतिपय व्यक्तिहरू आफ्नो डर तनाव कम गर्न धुम्रपान, मद्यपान वा लागु पदार्थमा फन फँस्ने सम्भावना हुन्छ, यो खतराको कुरा याद गर्नुपर्यो।

अन्त्यमा, शरीरमा वा मनमा धेरै गाह्रो भएमा कसलाई गुहार माग्ने भनेर पहिले नै कुनै व्यक्तिवा स्वास्थ्य संस्था वा अन्य संघ/संस्थाको फोन वा अनलाईन ठेगाना राख्नुहोस्। अहिले थुप्रै स्वास्थ्य संस्था तथा मानसिक मनोसामाजिक सहयोग गर्ने समूहहरूले निशुन्सोधपुछ वा सहयोगको लागि सम्पर्क फोन वा अनलाईन सुविधा दिइरहेका छन्। सुरक्षित रहनुहोस्, सतर्क रहनुहोस् र यो समयलाई सदुपयोग गर्ने योजना अनुरुप दिनचर्या बिताउनुहोस्।

*(लेखक मानसिक स्वास्थ्य विभाग, त्रिवि शिक्षण अस्पतालका उप–प्राध्यापक तथा चिकित्सा मनोविद् हुन्।)*

## मेरो धारणा



**शरीरमा वा मनमा धेरै गाह्रो भएमा कसलाई गुहार माग्ने भनेर पहिले नै कुनै व्यक्तिवा स्वास्थ्य संस्था वा अन्य संघ/संस्थाको फोन वा अनलाईन ठेगाना राख्नुहोस्। अहिले थुप्रै स्वास्थ्य संस्था तथा मानसिक मनोसामाजिक सहयोग गर्ने समूहहरूले निशुन्सोधपुछ वा सहयोगको लागि सम्पर्क फोन वा अनलाईन सुविधा दिइरहेका छन्।**

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीर्तिपुर नगरपालिकाको राहत वितरण : भ्रम र यथार्थ

● **केदार बुढाथोकी, रोजगार संयोजक, कीर्तिपुर नगरपालिका**

आज विश्व कोरोना भाइरस (कोभिड-१९) को माहामारीबाट पूर्ण रुपमा प्रभावित भएको छ। विश्वका आर्थिक तथा प्राविधिक रुपमा शक्तिशाली मूलक देखि विकासोन्मुख देशसम्म कुनै देश यो रोगबाट अछुतो हुन सकेन। हाम्रो देश पनि यो रोगको सङ्क्रमणबाट प्रभावित छ। नेपालमा हालसम्म ३१ जना सङ्क्रमित छन् भने ४ जना उपचार पश्चात घर फर्किएका छन्।

कोरोना सङ्क्रमणबाट सम्पूर्ण देशको अर्थतन्त्र र जनजीवन नराम्रोसँग प्रभावित भएको छ। सम्पूर्ण अर्थतन्त्र दिन प्रतिदिन खस्कँदै गएको छ भने जनजीवन अस्तव्यस्त हुँदै गएको छ। सम्पूर्ण विश्व लकडाउनको परिस्थितिमा छ भने मानिस घर भित्रै सिमित हुनु परेको छ। यो अवस्थामा सम्पूर्ण देशहरूले आफ्ना जनता प्रति राहत प्याकेज घोषणा गर्न थालेका छन्।

नेपालमा पनि सरकारले आफ्ना जनतालाई विभिन्न राहत प्याकेज घोषणा गरेको छ। यसै मध्ये कीर्तिपुर नगरपालिकाले पनि आफ्ना नगरबासी र नगरपालिका भित्र अस्थायी रुपमा बसोबास गरेका अन्य व्यक्ति तथा विद्यार्थी समेतका लागि विभिन्न खालका राहत प्याकेज घोषणा गरी वितरण गर्दै आएको छ। राहत प्योजमा खाद्यान्न तथा कृषिजन्य सामग्रीसँग सम्बन्धित छन्।

अहिले तत्काल खाद्यान्नको राहत प्याकेज घोषणा गरेको छ। राहत प्याकेजमा पहिलो चरणमा ४१२५ परिवारका करीव १६ हजार भन्दा बढी स्थानीय श्रमजिवी, कोठा भाडामा बस्ने, दैनिक ज्याला मजदुरी गरी खान नै समस्यामा परेका कीर्तिपुर क्षेत्रमा बस्ने जनतालाई राहत वितरण गरियो।

राहतको सन्दर्भमा कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय पढ्ने विद्यार्थी तथा विभिन्न विश्व विद्यालय सहित अन्य ठाउँमा पढ्ने विद्यार्थीको चाप पनि त्यतिकै रहेको छ। तसर्थ करीव ३ हजारभन्दा बढी विद्यार्थीहरुलाई पनि राहत वितरण कार्य गरिएको छ। विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूको सङ्ख्या एकिन नभएकोले कीर्तिपुर नगरपालिकाले अनलाइनबाट विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा समस्या पहिचान गरी विभिन्नखालका राहत पनि निरन्तर दिंदै आइरहेको छ। उक्त कार्यका लागि त्रिविका प्रिन्सिपल, विभिन्न विद्यार्थी सङ्गठनका प्रतिनिधिसहित सरोकार वालाहरूसँग निरन्तर सहकार्य गरी राहत वितरण कार्य गर्दै आइरहेको छ।

होस्टेलमा बस्ने विद्यार्थी, कोठा भाडामा बस्ने विद्यार्थी, विभिन्न परीक्षाको तयारीमा बसेका विद्यार्थीलाई समेत निरन्तर राहत वितरण गर्दै आएकोछ। तर पनि केही सञ्चार माध्यमले नियोजित रुपमा नगरपालिकालार्य बदनाम गराउने प्रयास स्वरुप केही व्यक्तिलाई साथमा लिएर आगाडी बढ्ने दुस्प्रयास गरिएको छ।

कीर्तिपुर नगरपालिकाले एकद्वार प्रणाली मार्फत राहत वितरण गर्ने र राहत वितरणको फोटो खिचेर सामाजिक सञ्जालमा नराख्ने निर्णय गरेको थियो। तसर्थ नगरपालिकाले आफ्नो काममा मात्रै आफूलाई अगाडी बढाउँदै गयो। त्यसैको



फाइदा उठाउँदै केही स्वघोषित समाजसेवी र दानवीरहरूले एकाध ठाउँमा राहत वितरण गरेको फोटो र भिडियो बनाई सामाजिक सञ्जाल रङ्गयाइ अगाडी बढी केही सञ्चारमाध्यमको सहयोग लिएर अगाडी बढ्नेकामको थालनी हुँदा केही भ्रम सिर्जना भएका थिए।

यस्तो स्थितिमा कीर्तिपुर नगरपालिकाले आफ्नो कामलाई प्रष्ट पार्दै आगाडी बढ्दै गयो। जसलाई कीर्तिपुरका स्थानीय, विद्यार्थी लगायत स्थानीय तथा राष्ट्रिय सञ्चार माध्यमले समेत महत्त्व दिन थाले पछि आरोप स्वतः मिथ्या सावित हुन पुगेको छ।

स्थानीय जनतालाई राहत नदिने तथा विद्यार्थीलाई राहत दिन नसक्ने भन्ने भ्रमको खेतिलाई नगरपालिकाले विभिन्न ढङ्गबाट चिर्दै आफ्ना गतिविधिले सबैको मन जित्न सफल भएको छ। लकडाउन लम्बिएको समयमा नगरपालिकाले स्थानीय जनतामा दोश्रो चरणमा पनि राहतका प्याकेज घोषणा गर्ने तयारी गरेको छ। तसर्थ नगरपालिकाले कीर्तिपुरमा बस्ने दैनिक ज्याला मजदुरी गर्ने, कोठा भाडामा बस्ने, र खान नै समस्यामा परेका स्थानीय जनता तथा विभिन्न विश्व विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई आफू सच्चा अभिभावक भएको अनुभूति दिन सफल भएको छ।

राहत प्रत्येक व्यक्ति जो भोको छ, उसलाई दिनका लागि नगरपालिका आफ्नो सबै श्रोत र साधन प्रयोग गरी सम्पूर्ण उद्योगी व्यापारी कर्मचारीलगायत सबैलाई सहयोगको अपिल समेत गरी विपद् व्यवस्थापन कोष खडा गरि आफ्नो दायित्व बोध सहित आगाडी बढेको छ। तसर्थ कोही पनि जनता यस्ता आधारहीन समाचारको भ्रममा नपर्न आग्रह गर्दै अगाडी बढेको छ।

यो विपद्मा सबै मिलेर विपद् व्यवस्थापनमा अगाडी बढ्नु र कोरोना सङ्क्रमणबाट कीर्तिपुरलाई मुक्त पारी स्वस्थ र समृद्ध कीर्तिपुर निर्माणमा आफूलाई समर्पित गराउनका लागि सबैको अहम् भूमिका छ र कीर्तिपुर नगरपालिकाले पनि सबै कीर्तिपुरबासीलाई खाना र स्वास्थ्य उपचारको ग्यारेन्टी गरि अभिभावकत्व ग्रहण गर्न तयार छ।

**यो विपद्मा सबै मिलेर विपद् व्यवस्थापनमा अगाडी बढ्नु र कोरोना सङ्क्रमणबाट कीर्तिपुरलाई मुक्त पारी स्वस्थ र समृद्ध कीर्तिपुर निर्माणमा आफूलाई समर्पित गराउनका लागि सबैको अहम् भूमिका छ र कीर्तिपुर नगरपालिकाले पनि सबै कीर्तिपुरबासीलाई खाना र स्वास्थ्य उपचारको ग्यारेन्टी गरि अभिभावकत्व ग्रहण गर्न तयार छ।**

# किपू नपां दयेकूगु आइसोलेसन वार्डया अवलोकन



विश्वव्यापी महामारी या रुपं न्यनाच्वंगु कोरोना भाइरसया सम्भावित सङ्क्रमणतयूत वासः यायेगुया निर्ति त्रिभुवन विश्वविद्यालयस दयेकूगु आइसोलसन वार्ड व उपचार कक्षया बैशाख ५ गते शुक्रवार संघीय सरकारया शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरं अवलोकन यानादिल ।

क्वारेन्टाईन अनुगमन समितिया कजि व किपू नगरपालिकाका प्रमुख रमेश महर्जनं राज्यमन्त्री मानन्धरयात आयुर्वेदिक अनुसन्धान व तालिम केन्दय् दयेकाच्वंगु कोरोना उपचार कक्षया बारे ध्वाथुइकादीगु खः । उगु अवलोकन यानादीगु इलय् किपू नगरपालिका वडा नं ९ या अध्यक्ष लिसें पुनःनिर्माण तथा विपद् व्यवस्थापन समिति कजि गंगाराम महर्जनया नं ब्वति दुगु खः ।

थ्वस्वयां न्ह्यः नं यें जिल्लाया प्रमुख जिल्ला अधिकारी (सिडिओ) नं किपू नगरपालिकां दयेकाच्वंगु उगु आइसोलेसन लिसें लिक्क च्वंगु क्वारेन्टाईनया अबलोकन यानादीगु खः ।

कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्याः
च.नं.:

मितिः २०७७/०१/०६

### प्रेस विज्ञप्ति

यही २०७७ साल वैशाख ५ गते शुक्रवार कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय परिसरमा विद्यार्थीहरूलाई राहत बाँड्ने क्रममा प्रत्यक्ष प्रसारणरत एभिन्यूज टेलिभिजनबाट विद्यार्थीहरूलाई राहत बाँड्ने काममा कीर्तिपुर नगरपालिका प्रमुखले सक्दिन भनेर हात उठाएकोले हामी आउनु परेको भन्ने आसयका साथ पटक पटक उच्चारण गरेको सन्दर्भमा यस नगरपालिकाको ध्यानाकर्षण भएको छ ।

मिति २०७७ वैशाख ४ गते बेलुकीको फोन वार्तामा एभिन्यूज टेलिभिजनलाई नगरप्रमुखले विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट राहत बाँडेको र निजकै समन्वयमा विद्यार्थी प्रतिनिधि र त्रिवि प्रिन्सिपलसहित नगरपालिकाको कार्यालयमा संयुक्त छलफल गराई राहत बाँड्न व्यवस्थापन गरिएको तथा त्यसदिन पनि विद्यार्थी प्रतिनिधिहरूसँग कार्यकक्षमै छलफल गरी २०७७ वैशाख ५ गते बाँड्ने सहमति भएको जानकारी गराउनु भएको थियो र फोन वार्ताकै क्रममा भोलि शुक्रबार कतैबाट सहयोग नआउने भो तपाईले भोलि नै बाँड्नका लागि २०० बोरा चामल दिन सक्नु हुन्छ कि हुन्न भनेर प्रश्न गर्नेक्रममा भोलि तत्कालै नै त नसकिने जवाफ दिएकोलाई तोड्मोड् गरी हातै उठाएको भनी बढाईचढाई गरी नगरप्रमुखको मानसम्मानमा आँच पुर्‍याउने काम भएकोले सो प्रचार प्रति खेद प्रकट गर्दछौं । साथै उक्त फोन वार्ताको आधारमा बिभिन्न सामाजिक संजाल लगायत अनलाईन संचार माध्यमहरूमा नकारात्मक समाचार सम्प्रेपित भएकोले उक्त समाचारमा सत्यता नभएको पनि सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

सरस्वती रिजाल खड्का
उप–प्रमुख/प्रवक्ता
कीर्तिपुर नगरपालिका

## कीर्तिपुर नगरपालिकाको
# अत्यन्त जरुरी सूचना

**विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।**

**डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५**
**डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५**
**डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९**
**डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५**
**डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८**
**डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४**

**साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।**

# राहत ब्यूगुया नं अनुगमन

किपू नगरपालिकां चैत्र २७ गतेनिसें न्हापांखुशी राहत ज्वलंत इनाब्यूगु खःसा उकीया अनुगमन नं याःगु दु।

विश्वव्यापी महामारीया रुपय् न्यनांच्वंगु कोरोना भाइरसया कारण किपू नगरपालिका दुने असङ्गठीत क्षेत्रय् कार्यरत श्रमिक वर्ग व हाःनाः मदुगुपिं लिसें विद्यार्थीहरूत सुं नं द्यांलाये म्वालेमा धकाः थुगु राहत इनाब्यूगु खः।



राहतय् जाकि, कें, चिकं, चि, चिनी व साबुं इनाब्यूगु खः। किपू नगरपालिकाया भिगुलिं वडाय् राहत काःपिंत नापलानां थुकिया अनुगमन याःगु खः।

थुगु अनुगमनं राहत कायेहे माःपिं खःमखु सीकीगु व निक्वःगु खुशी नं राहत इनेबलय्या लागि थ्व महत्त्वपूर्ण जुइगु नगरपालिकां जानकारी ब्यूगु दु। निक्वःखुशीया राहत याकनं हे बीगु नं जानकारी ब्यूगु दु।

---

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्याः
च.नं.:
मितिः २०७७/०१/०५

### प्रेस विज्ञप्ति

कोरोना भाइरस ( कोभिड-१९ ) का कारण सिर्जित विद्यमान असहज परिस्थिति र नेपाल सरकारबाट घोषित लकडाउनका अवधिमा कीर्तिपुर नगरपालिकाले गरेको राहत वितरणको कार्य तथा क्वारेन्टाइन व्यवस्थापन एवं अन्यत्र जिल्लाबाट आएका गर्भवती महिलाको विषय समायतका सन्दर्भमा विभिन्न संचार माध्यम तथा सामाजिक संजालमा प्रकाशित / प्रसारीत समाचारहरुका विषयमा कीर्तिपुर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।कीर्तिपुर नगरपालिका वडा नं.१० मा अन्यत्र जिल्लाबाट एम्बुलेन्स मार्फत आएकी गर्भवती महिलालाई र्‍यापिड डाइग्नोष्टिक टेष्ट (RTD) गरी सहमतिमा नै क्वारेन्टाइनमा खाद्यान्न र अन्य सुविधा सहित व्यवस्थापन गरिएको हो ।

नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा नेपाल सरकारबाटै स्वीकृत असंगठित क्षेत्रमा कार्यरत मजदुर तथा असहाय व्यक्तिहरुलाई राहत वितरण गर्ने सम्बन्धी मापदण्ड अनुसार नै हुने गरी नगरपालिकाका सबै वडाहरु मार्फत संकलित तथ्याङ्कलाई आधार मानी नगरकार्यपालिकाको निर्णयानुसार राहत वितरण कार्य गरिरहेको विभिन्न होस्टलमा बसेका विद्यार्थी तथा अन्य भोकै परेका व्यक्तिहरुलाई पनि राहत वितरण गरिएको र विद्यार्थीहरुको हकमा लगत संकलन गरी सरोकारवाला पक्षहरुसँग समन्वय गरी व्यवस्थापन गर्ने तयारीमा रहेको तथा कीर्तिपुर नगरपालिका क्षेत्रमा कोहि पनि भोकै नपरुन भन्ने मनसायका साथ अहोरात्र खटिएर काम गरिरहेको व्यहोरा सम्पूर्ण सरोकारवालामा अनुरोध गर्दछौं ।

विपत्तिको यस परिस्थितिमा पनि विभिन्न संचार माध्यम तथा सामाजिक संजालमा प्रकाशीत / प्रसारीत समाचारहरुका विषयमा सत्यतथ्यमा आधारित रहेर समाचार सम्प्रेषण गर्न र सामाजिक संजालमा समेत सत्यतथ्य अनि यथार्थपरक विषयमात्र सम्प्रेषण गर्न नगरपालिका सरोकारवाला सबैमा सकारात्मक एवं रचनात्मक सहयोगको अपेक्षा गर्दछौं ।

सारस्वती रिजाल खड्का
उप-प्रमुख / प्रवक्ता
कीर्तिपुर नगरपालिका
सरस्वती रिजाल खड्का
उप-प्रमुख

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, E-mail: ict.munkirtipur@gmail.com

---

किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्याः
च.नं.:
मितिः २०७७/०१/०५

### कीर्तिपुर नगरपालिकाको अपिल

आदरणीय कीर्तिपुरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू,

विश्व महामारीको रूपमा लामो समयदेखि कोभिड–१९ ले संसार नै पीडामा रहेको र नेपाल पनि अछुतो नरहेको हामी सबैलाई अवगत भएको कुरा नै हो। मानिसहरूको आवतजावत बन्द छ भने हाम्रो वरिपरि रहेका मानवआश्रीत जीवजन्तु तथा पशुपंक्षीहरूलाई खाना तथा पानीको समस्या देखिन थालेको छ। यस्तो विषम परिस्थितिमा हामी मानवजातिले मानवजातिलाई सहयोग, सद्भाव देखाउनु कर्तव्य भएजस्तै, मानवआश्रीत जीवजन्तुलाई पनि खाना पानी तथा अन्य व्यवस्थापन गर्नु हाम्रो नै कर्तव्य हो। कीर्तिपुर नगरपालिकामा रहेका सबै वडा कार्यालयले आफ्नो वरिपरि रहेका जीवजन्तु संरक्षणकर्ताहरूसंग आवश्यक समन्वय गर्ने र आफ्नो वरिपरि रहेका सार्वजनिक स्थलहरूमा जीवजन्तुका लागि खाना र पानीको व्यवस्थापन गरी सहयोग गरिदिन अनुरोध गर्दछौं। साथै आफ्नो वरिपरि रहेका जीवजन्तु तथा पशुपंक्षीहरूलाई खाना तथा पानीको व्यवस्थापन गरि सहयोग गरिदिन सम्पूर्ण कीर्तिपुरवासी जनताहरूमा हार्दिक अपिल गर्दछु।

रमेश महर्जन
प्रमुख
कीर्तिपुर नगरपालिका

फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१, E-mail: ict.munkirtipur@gmail.com



**स्पष्टोक्ति :** कीर्तिपुरमा कोही पनि भोकै नपरून भनी व्यवस्थित रूपमा राहत वितरण गर्दै गरेको अवस्थामा पनि केही संचारमाध्यमहरूले नगरपालिकाले केही पनि गरेको छैन भन्ने भ्रम फैलाइरहेकोले यस बारेमा संचारमाध्यममार्फत नै प्रष्ट पार्नुहुँदै कीर्तिपुर नगरपालिका प्रमुख रमेश महर्जन । *तस्बिर : ज्ञानकुमार महर्जन*

## कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

## कीर्तिपुर नगरपालिकाको अनुरोध

कोरोना महामारीको सामना गर्न निम्न कुराहरू पालना गरिदिनु हुन सम्पूर्ण नगरबासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

१. एउटा घरबाट एक जना मात्र बजारमा सामान किन्न निस्कनु हुन ।

२. बजारमा सामानहरू (तरकारी आदि किन्दा) कम्तीमा पनि ३/४ दिनसम्म पुग्ने गरी किन्नु हुन ।

३. बजारमा सामानहरू बिहान ६ बजेदेखि ८ बजेसम्म र साँझ ६ बजेदेखि ८ बजेसम्ममा किनिसक्नु हुन ।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर

# कीनपाद्वारा विद्यार्थीहरूका लागि राहत वितरण



कीर्तिपुर नगरपालिकाले बैशाख ७ गते उच्च शिक्षा हासिल गर्न कीर्तिपुरमा आइरहनु भएका विद्यार्थीहरूका लागि राहत सामग्री वितरण गरेको छ।

केही दिन अघि कीर्तिपुर नगरपालिकाले अनलाइनमार्फत फारम सङ्कलन गरेको थियो। सोही तथ्याङ्को आधारमा कीर्तिपुरका १० वटै वडामा रहेका जम्मा ४५९ जना विद्यार्थईहरूलाई चामल र दाल सम्बन्धित ठाउँमै गएर सो राहत उपलब्ध गराएको हो।

अनलाइनमार्फत वडा नं. १, २, ४ र ६ बाट जम्मा ६० जनाले फारम भरेका थिए भने वडा नं ३ बाट ५३ जना, वडा नं. ५ बाट ८६ जना, वडा नं ७ बाट ६३ जना, वडा नं ८ बाट ५६ जना, वडा नं ९ बाट ७१ जना त्यसैगरी वडा नं. १० बाट ७० जना विद्यार्थीहरूले फारम भरेका थिए।

कीर्तिपुर नगरपालिकाले हालको विषम परिस्थितिमा कोही पनि भोकै नपरुन भनी राहत वितरण गर्दै गरेको अवस्थामा केही संचारमाध्यमहरुले नगरपालिकाले केही पनि गरेको छैन भन्ने भ्रम फैलाइरहेकोले नगरपालिका प्रमुख रमेश महर्जनले केही संचारमाध्यम मार्फत यस बारेमा प्रष्ट पार्नुभएको थियो।

## सूचना ! सूचना !! सूचना !!!

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस "नगर सन्देश" बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

कीर्तिपुर नगरपालिका भवन, फोनः ४३३११८९
ईमेल : nagarsandes@gmail.com

## कीर्तिपुर नगरपालिकाको हार्दिक आह्वान

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी संक्रमणबाट समस्त नेपालीहरुलाई बचाउन नेपाल सरकारले मिति २०७६/१२/११ गते देखि लक डाउन गरेको कारणबाट यस कीर्तिपुरमा बसोबास गर्ने दैनिक ज्यालामा काम गर्ने श्रमिक वर्ग तथा स्थानीयवासीलाई दैनिक जीवन यापनमा समेत समस्या देखिन आएको महशुस गरी नेपाल सरकारले कोहि पनि भोको नहोस् भन्ने अपेक्षा सहित राहतको कार्यक्रम घोषणा गरिसकेको सन्दर्भमा आवश्यक परिवारलाई खाद्यान्न /राहतको व्यवस्थापन गर्नका लागि कीर्तिपुर नगरपालिकाले रु.५० लाखबाट " आकस्मिक राहत कोष २०७६" स्थापना गरेको छ । सो कोषमा जम्मा हुने रकमको खर्च गर्ने कार्यविधि समेत तयार भैसकेकोले सहयोग गर्न ईच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था, गैरआवासीय नेपाली, स्वदेशी विदेशी दाता निकाय, उद्योग, व्यवसायी, पेशाकर्मी, नागरिक समाज, संचार जगत, राजनैतिक दल, धार्मिक तथा परोपकारी संघसंस्था, निर्वाचित जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरु लगायत आम सर्वसाधारणमा कीर्तिपुर नगरपालिका हार्दिक आह्वान गर्दछ। साथै विश्वव्यापी विपत्तिको यस घडिमा आर्थिक/ नगद सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, कीर्तिपुर शाखाको खाता नं.१७००३०४०३८३०३ मा नगद जम्मा गरिदिनुहुन र वस्तुगत वा खाद्य लगायतका सामग्री सहयोग गर्न चाहनुहुने व्यक्ति तथा संस्थाले नगरपालिकाको विपद् व्यवस्थापन शाखामा सम्पर्क गरी सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

..................................
सरस्वती रिजाल खड्का
उप-प्रमुख
सम्पर्क नं.९८५११९७८११

..................................
रमेश महर्जन
प्रमुख
सम्पर्क नं.९८५१०२५१२५

## कीर्तिपुर नगरपालिका

### कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा

**खाताको नाम**

कीर्तिपुर नगरपालिका आकस्मिक कोष

**खाता नं.**

१७००३०४०३८३०३

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन
८
ने.सं. ११४० चौलागा त्रयोदशि
वि.सं. २०७७ बैशाख ८ सोमवाः

# आकस्मिक कोषमा थप रू. २ लाख ५६ हजार सहयोग

## माननीयहरुद्वारा पनि सहयोग

कीर्तिपुर नगरपालिकाले रु.५० लाख (अक्षेरुपि पचास लाख मात्र) राखी राष्ट्रिय बाणिज्य बैंक टेकुमा खाता नं. १७००३०४०३८३०३ को "कीर्तिपुर नगरपालिका आकस्मिक कोष" नामक खाता खोली सञ्चालन गरेको हालसम्म थप २ लाख ५६ हजार १११ सहयोग भई कूल ८ लाख ८१ हजार ४७२ सहयोग भएको छ। नगरपालिकाले गत चैत्र २७ गते देखि पहिलो चरणमा राहत वितरण समेत गरिसकेको छ भने दोश्रो चरणको राहत यथाशिघ्र वितरण गरिने तयारी गरिरहेको छ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण कीर्तिपुर नगरपालिका भित्रका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरू तथा विद्यार्थीहरूलाई दैनिक जीवन यापनका लागि राहत वितरण गर्न यस कोषको स्थापना गरिएको हो। यस कोषमा हालसम्म १० वटा संघ/संस्थाहरूले चामल, दाल, नुन, तेल, साबुन, मास्क, बाल्टिन, कम्बलका साथै पिपिई समेत सहयोगस्वरुप उपलब्ध गराउनु भएको छ।

गत चैत्र २१ गते शुक्रबार नगरपालिकाका मेयर रमेश महर्जनको अध्यक्षतामा बसेको नगरकार्यपालिकाको बैठकबाट "आकस्मिक कोष" सञ्चालन गर्ने निर्णय गरेको थियो।

### आकस्मिक कोषमा नगद सहयोग गर्नु हुनेको नामावली

| | | |
|---|---|---|
| १०. | माननीय राजेन्द्र कुमार के.सी., सांसद् काठमाडौं-१० | रु. ५०,०००।- |
| ११. | रमेश महर्जन, मेयर, कीर्तिपुर नगरपालिका | रु. ५०,०००।- |
| १२. | हिल-टाउन स्कुल | रु. ५०,०००।- |
| १३. | बालकृष्ण महर्जन, बरिष्ठ ईन्जिनियर, कीर्तिपुर नगरपालिका | रु. ३५,०००।- |
| १४. | डा. शिवशरण महर्जन | रु. २०,०००।- |
| १५. | औद्योगिक शान्ति नेपाल संस्था | रु. २०,०००।- |
| १६. | माननीय पुकार महर्जन, सांसद् बागमती प्रदेश | रु. १५,०००।- |
| १७. | अमृता दुवाडी, अमृतनगर | रु. ११,१११।- |
| १८. | भुवन महर्जन, सेवा क्याफे | रु. ५,०००।- |

*(९ नं. सम्म अघिल्लो अंकमा प्रकाशित भइसकेको छ।)*

### आकस्मिक कोषमा जिन्सी सहयोग गर्नु हुनेको नामावली

१. शिखरदीप सहकारी संस्था कीर्तिपुर - चामल, दाल, तेल
२. श्री गुरुङ्ग दरवार मार्ग – चामल, तेल
३. श्री तारामण्डल महिला सशक्तिकरण – चामल
४. Tsoknyi Nuns Welfare – चामल, दाल, नुन, तेल
५. सिविन नेपाल – साबुन, मास्क
६. China Foundation for Poverty Alleviation, CFPA — Bucket, Liquit Hand Wash, Instruction Paper
७. कीर्तिपुर सहकारी संजाल – चामल, मास्क
८. नेपाल रेडक्रस सोसाइटी, कीर्तिपुर – कम्बल
९. राष्ट्रिय अविष्कार केन्द्र, कीर्तिपुर – पिपिई
१०. नेपाल कम्यूनिष्ट पार्टी (नेकपा), के.का. - पिपिई

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com